मा.मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८२/५/२३

# पदमार्ग मापदण्ड सम्बन्धी दिग्दर्शन, २०८२

प्रस्तावनाः पदमार्ग निर्माण तथा व्यवस्थापनमा अन्तर सरकार समन्वय र सहकार्य अभिवृद्धि गर्दै पदमार्ग निर्माण तथा विकासमा एकरुपता कायम गरी पदयात्रीको सुरक्षा र सेवामा गुणस्तर कायम गर्न, दिगो, सुरक्षित, पहुँचयोग्य र पर्यावरणमैत्री पदमार्ग निर्माण गरी पदयात्रामा आकर्षण अभिवृद्धि गर्न, तीनै तहबाट निर्माण गरिने पदमार्गको व्यवस्थापनलाई सहजीकरण गर्न वाञ्छनीय भएकोले, मन्त्रालयले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ बमोजिम यो दिग्दर्शन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम “पदमार्ग मापदण्ड सम्बन्धी दिग्दर्शन, २०८२” रहेको छ।

(२) यो दिग्दर्शन मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस दिग्दर्शनमा,-

क) “पदमार्ग” भन्नाले प्राकृतिक, जैविक, सांस्कृतिक, ऐतिहासिक एवम् पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थान हुँदै पैदल यात्रा गरिने मार्ग सम्झनुपर्छ।

ख) “मन्त्रालय” भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनुपर्छ।

ग) “विभाग” भन्नाले पर्यटन विभाग सम्झनुपर्छ।

घ) “संरक्षित क्षेत्र कार्यालय” भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र कार्यालयलाई सम्झनुपर्छ।

**३. पदमार्गको वर्गीकरणः** पदमार्गको वर्गीकरण देहाय बमोजिम हुनेछ।

क) हाइकिङ पदमार्गः एक दिन भित्र यात्रा गरिने न्यूनतम पाँच किमि दुरीको मार्ग।

ख) सहज पदमार्गः एक दिन भन्दा बढी समय यात्रा गरिने अधिकतम तीन हजार मिटर उचाईसम्मको मार्ग।

ग) साहसिक पदमार्गः एक दिन भन्दा बढी समय यात्रा गरिने तीन हजार मिटर भन्दा माथिको उचाईको मार्ग ।

**४. पदमार्गको रेखाङ्कनः** पदमार्गको रेखाङ्कन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ।

क) पदमार्गले प्राकृतिक, जैविक, सांस्कृतिक एवम् ऐतिहासिक महत्वका स्थानलाई जोड्नुपर्ने,

ख) पदमार्ग मोटरबाटोसँग नजोडिने गरी रेखाङ्कन गर्नुपर्ने,

ग) स्थानीय सम्पदाहरुको संरक्षण हुने गरी रेखाङ्कन हुनुपर्ने,

घ) पदयात्रीको सुरक्षा जोखिम नहुने गरी रेखाङ्कन गर्नुपर्ने,

ङ) प्राकृतिक भू-परिधिको सौन्दर्यता नबिग्रने गरी गर्नुपर्ने।

**५. पदमार्गको मापदण्डः** पदमार्गको मापदण्ड देहाय बमोजिम हुनुपर्नेछ।

क) पदमार्गको न्यूनतम् लम्बाई पाँच कि.मी हुनुपर्ने,

ख) पदमार्गको न्यूनतम चौडाई

अ) हाइकिङ पदमार्गको हकमा - २ मीटर

आ) सहज पदमार्गको हकमा - २ मीटर

इ) साहसिक पदमार्गको हकमा - १.५ मीटर।

ग) पदमार्गमा सिँढी निर्माण गर्नुपर्ने भएमा सिँढीको उचाई देहायबमोजिम हुनुपर्नेछ।

अ) हाइकिङ पदमार्ग — १८ देखि २० सेन्टिमिटर,

आ) सहज पदमार्ग — १६ देखि १८ सेन्टिमिटर,

इ) साहसिक पदमार्ग — १४ देखि १६ सेन्टिमिटर,

ई) पदमार्गमा सिँढी निर्माण गर्दा अपाङ्गमैत्री संरचनासमेत बनाउनुपर्नेछ।

**६. पदमार्गको निर्माणः** पदमार्गको निर्माण देहायबमोजिम गर्नुपर्नेछ।

क) हाइकिङ पदमार्ग निर्माण स्थानीय तहले गर्नुपर्नेछ,

ख) सहज पदमार्ग निर्माण प्रदेश सरकारले गर्नुपर्नेछ,

ग) साहसिक पदमार्ग निर्माण नेपाल सरकारले गर्नुपर्नेछ,

घ) पदमार्ग निर्माण गर्दा स्थानीय निर्माण सामग्री, जैविक प्रविधि, परम्परागत सीप र श्रमको प्रयोग गर्नुपर्नेछ। तर, भौगोलिक दृष्टिले जटिल रहेका स्थानमा आधुनिक निर्माण सामग्री र प्रविधिको प्रयोग गर्न सकिनेछ।

ङ) पदमार्ग निर्माण गर्दा पदयात्रीको लागि आवश्यक पर्ने विश्राम स्थल, शौचालय, फोहोर संकलन तथा व्यवस्थापन पूर्वाधार जस्ता आधारभूत सेवाको सुनिश्चितता हुने व्यवस्था गर्नुपर्नेछ।

च) राष्ट्रिय निकुञ्ज र आरक्षभित्र पदमार्गको निर्माण गर्दा वन तथा वातावरण मन्त्रालयको पूर्व सहमति लिएर र संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट पूर्व सहमति लिई पदमार्ग निर्माण गर्नुपर्नेछ।

७. **पदमार्गको व्यवस्थापनः** (१) संघ र प्रदेश सरकारले पदमार्ग निर्माण सम्पन्न गरिसके पश्चात व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहमा तथा संरक्षित क्षेत्रभित्रका पदमार्गको हकमा सम्बन्धित निकुञ्ज/आरक्षलाई हस्तान्तरण गर्न सक्नेछ। तर संरक्षित क्षेत्रभित्र पर्ने पदमार्गको संरक्षण, मर्मतसंभार र व्यबस्थापन सम्वन्धित प्रदेश/स्थानीय तहको समन्वय र सहयोगमा सम्बन्धित निकुञ्ज/आरक्षले गर्नेछ।

(२) पदमार्गको व्यवस्थापन सम्बन्धित स्थानीय तहले देहाय बमोजिम गर्नुपर्नेछ।

क) पदमार्गको नियमित मर्मत सम्भार, निरीक्षण र अनुगमन गर्ने,

ख) पदयात्रीको अभिलेख राख्ने,

ग) पदयात्रीको सुरक्षा र जोखिम व्यवस्थापनको प्रबन्ध मिलाउने,

घ) सरोकारवाला निकायहरू बिच समन्वय गर्ने,

ङ) पदमार्गमा स्वच्छता, सरसफाई एवम् सौन्दर्यकरणको प्रबन्ध मिलाउने,

च) पदमार्गमा रहने संकेत चिन्ह, जानकारीमूलक सूचना, गन्तव्यसम्म पुग्न लाग्ने अनुमानित समय तथा दूरी र जोखिमपूर्ण स्थानहरु जनाउने साइनेज एवम् एरो बोर्डहरु, स्थानीय पर्यटकीय आकर्षण झल्किने सूचना बोर्ड तथा सुचनापाटीको व्यवस्था गर्नुपर्नेछ। यस्ता सामग्रीको प्रयोग र व्यबस्थापन वातावरणमैत्री हुनुपर्नेछ।

८. **पदमार्गमा उपलब्ध हुनुपर्ने सेवाः** तीनै तहका सरकारले पदयात्रीलाई लक्षित गरी पदमार्गमा देहाय बमोजिमका सेवाको सुनिश्चितता गर्नुपर्नेछ।

क) खानेपानी,

ख) शौचालय,

ग) आधारभूत सूचना तथा सञ्चार/पर्यटन सूचना केन्द्र,

घ) विश्राम स्थल,

ङ) आधारभूत स्वास्थ्य उपचार,

च) सुरक्षा तथा आपतकालीन उद्दार,

छ) स-साना पुलपुलेसा,

ज) दृष्यावलोकन स्थल (भ्यू प्वाइन्ट)।

९. **आवास तथा खानपिनको व्यवस्थाः** तीनै तहका सरकारले पदमार्गमा देहाय बमोजिमको व्यवस्थाका लागि स्थानीय समुदाय तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्नेछ।

क) निजी तथा सामुदायिक घरवास (होमस्टे)/ होटल / लज / रिसोर्ट लगायत स्थानीयस्तरमा उपलब्ध अन्य सुरक्षित आवास,

ख) कम्तीमा ५ किलोमिटरको दूरीमा चमेना गृह तथा खाजा घर,

ग) भौगोलिक दृष्टिले उपयुक्त समथर स्थानमा क्याम्पिङ साइट।

१०. **पदमार्गको स्वच्छता, सरसफाई एवम् सौन्दर्यकरणः** स्थानीय तहले स्थानीय समुदाय तथा निजी क्षेत्रको सहभागितामा पदमार्गमा मौलिक सांस्कृतिक सम्पदाहरुको संरक्षण, वृक्षारोपण, झाडी बुट्यान काँटछाँट गरी सरसफाई एवम् सौन्दर्यकरणको व्यवस्था गर्नुपर्नेछ। तर संरक्षित क्षेत्रको हकमा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयको समन्वयमा गर्नुपर्नेछ।

११. **पदमार्गको अभिलेखीकरणः** पदमार्गको अभिलेखीकरण विभागले गर्नेछ। प्रदेश र स्थानीय तहले निर्माण गरेका पदमार्गको विस्तृत विवरण विभागलाई उपलब्ध गराउनुपर्नेछ।

१२. **पदमार्गको मर्मत सम्भारः** पदमार्गको मर्मत सम्भार सम्बन्धमा तीनै तहका सरकारको भूमिका देहाय बमोजिम हुनेछः

क) पदमार्गमा रहेका ढुङ्गामुढा पन्छाउने, झाडी फाड्ने, स-साना पहिरो रोकथाम गर्ने र जोखिमपूर्ण अवस्था सृजना भएमा आकस्मिक सूचना बोर्ड राख्ने कार्य सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ।

ख) सहज पदमार्गको मर्मत सम्भारका लागि सम्बन्धित स्थानीय तहमा प्रदेश सरकारले आवश्यक रकम विनियोजन गर्नुपर्नेछ।

ग) साहसिक पदमार्गको मर्मत सम्भारका लागि सम्बन्धित संरक्षित क्षेत्र कार्यालय वा सम्बन्धित स्थानीय तहमा नेपाल सरकारले आवश्यक रकम विनियोजन गर्नुपर्नेछ।

१३. **पदयात्रीको सुरक्षा तथा जोखिम व्यवस्थापनः** सम्बन्धित स्थानीय तहले स्थानीय प्रशासन, संरक्षित क्षेत्र कार्यालय, स्थानीय समुदाय, संघसंस्था, पर्यटक प्रहरीसमेतको समन्वय र सहभागितामा पदयात्रीहरुको सुरक्षा एवम् जोखिम व्यवस्थापनका लागि देहाय बमोजिम कार्य गर्नुपर्नेछ।

क) पदमार्गमा पर्याप्त संकेत चिन्ह (साइनेज) तथा एरो बोर्डहरु राख्नु पर्ने,

ख) जोखिमपूर्ण स्थानहरु शुरु हुने ठाउँमा आवश्यक पर्ने सावधानी बोर्डहरु राख्नु पर्ने,

ग) जोखिमयुक्त स्थानमा रेलिङ, लट्ठा, बाँस, काठ, डोरी लगायतका स्थानीय सामग्री र प्रविधिको प्रयोग गरी पदमार्गलाई सुरक्षित बनाउनुपर्ने,

घ) आपतकालीन उद्धारका लागि सञ्चार सुविधा, सूचना, सम्पर्क व्यक्ति, हेलिप्याड, उद्धारको प्रबन्ध गर्नु पर्ने।

१४. **फोहोरमैला संकलन तथा व्यवस्थापनः** स्थानीय तहले स्थानीय समुदाय, संस्था तथा निजी क्षेत्रको सहभागितामा स्थानीय श्रोत, सामग्री र प्रविधिको प्रयोग गरी फोहोरमैला संकलन, वर्गीकरण तथा व्यवस्थापन गर्नुपर्नेछ।

१५. **आचार संहिता बनाई लागू गर्नेः** पदमार्गमा स्थानीय समुदाय, पर्यटन श्रमिक तथा पदयात्रीहरुका लागि विभागले आचारसंहिता बनाई देखिने ठाउँमा राख्नुपर्नेछ।

१६. **पदमार्गको परीक्षण (ट्रेल अडिट)** विभागले संचालनमा रहेका वा निर्माणाधीन पदमार्गको परीक्षण (ट्रेल अडिट) गर्न सक्नेछ। तोकिएको मापदण्ड पूरा नभएको पाईएमा विभागले संचालनमा रोक लगाउन सक्नेछ।

१७. **दिग्दर्शन संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।